2023-11-17

# Indian Creek Elementary School का क्रसिङ गार्ड मेट्रो Atlanta को सबैभन्दा उत्कृष्टको रूपमा सम्मानित हुनुभएको छ

*Georgia यातायात विभागको विद्यालय जाने सुरक्षित मार्ग* कार्यक्रमले कुशल क्रसिङ गार्ड Tarin Glenn को नाम Metro Atlanta को वर्षको उत्कृष्ट क्रसिङ गार्डको रूपमा घोषणा गरेको छ । *क्रसिङ गार्ड प्रशंसा सप्ताह* (नोभेम्बर 6-10) का दौरान प्रदान गरिएको यो प्रतिष्ठित पुरस्कारले विद्यार्थी सुरक्षा तथा सामुदायिक सहभागिता प्रतिको Glenn को असाधारण प्रतिबद्धताको सम्मान गरेको छ ।

मेट्रो Atlanta का क्षेत्रीय संयोजक Marielena Gutiérrez ले गरेको पुरस्कार घोषणाले Glenn आश्चर्यचकित हुनुभयो ।

"म पूर्ण रूपमा अभिभूत र आश्चर्यचकित छु । म साँच्चिकै खुसी र कृतज्ञ पनि छु किनकी तपाईंले गरिरहेको कामको प्रशंसा गरिन्छ भन्ने कुरा थाहा पाउँदा खुसी लाग्छ," Glenn ले भन्नुभयो ।

Glenn ले सम्मान स्वरूप प्रमाणपत्र तथा क्रसिङ गार्डसम्बन्धी उपकरण प्राप्त गर्नुभयो । उहाँको चुनौतीपूर्ण भूमिका, विशेष गरी North Indian Creek Drive मा दैनिक 300 भन्दा बढी विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्ने उहाँको जिम्मेवारी, उहाँको नाम छनौट हुने मुख्य कारक थियो ।

Indian Creek Elementary की प्रधानाध्यापक Stephanie Brown-Bryant ले विद्यालयको मुख्य पैदलयात्री समुदायमाथि जोड दिनुभयो, जसमा दैनिक रूपमा विद्यालय जाने 600 भन्दा बढी विद्यार्थीहरू पर्छन् । यो सन्दर्भमा, Glenn को भूमिका महत्त्वपूर्ण छ । प्रधानाध्यापक Stephanie Brown-Bryant ले विद्यार्थी सुरक्षाका लागि Glenn को व्यक्तिगत दृष्टिकोणको प्रशंसा गर्नुभयो ।

"सुश्री Glenn ले हाम्रा विद्यार्थीहरूलाई चिन्नुहुन्छ । उहाँलाई को सँगसँगै हिँड्नु पर्ने हो र विद्यार्थीहरूको नाम थाहा छ, उहाँ विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्नुहुन्छ, र उनीहरूको भित्रबाट ख्याल गर्नुहुन्छ," उहाँले भन्नुभयो । "उहाँ विद्यार्थीहरूका विभिन्न पृष्ठभूमिहरू तथा भाषाहरूको बारेमा जान्न खोज्नुहुन्छ, जसले विद्यार्थीसँग प्रभावकारी रूपमा सञ्चार गर्ने उहाँको क्षमतालाई बढाउँछ ।"

आफ्नो तर्फबाट, Glenn ले यो सम्मानले आफ्नो उपलब्धि तथा Indian Creek का सबै क्रसिङ गार्डहरूको सामूहिक प्रयासलाई प्रतिबिम्बित गर्छ भनेर औँल्याउनुभयो । "यो ठूलो सम्मान हो । म उत्साहको साथमा आफ्नो भूमिकालाई निरन्तरता दिन प्रतिबद्ध छु ।"

यस पुरस्कारले Indian Creek Elementary का विद्यार्थीहरूको सुरक्षा तथा कल्याण सुनिश्चित गर्ने सुश्री Glen को महत्त्वपूर्ण भूमिकामाथि महत्त्वपूर्ण जोड दिन्छ, जसले विद्यालय समुदायमा उहाँलाई उदाहरणीय व्यक्तित्वको रूपमा प्रस्तुत गर्छ । उहाँको योगदानले सुरक्षित विद्यालय वातावरण सुनिश्चित गर्ने क्रसिङ गार्डहरूको महत्त्वपूर्ण भूमिकाको उदाहरणको प्रतीक बन्छ ।

"यो ठूलो सम्मान हो... म जे गर्छु, मलाई त्यो मन पर्छ," उहाँले गर्वको साथमा भन्नुभयो ।

XXX